उप प्रमुखज्यू,

नगर कार्यपालिकाका सदस्यज्यूहरु,

नगर सभाका सदस्यज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृत तथा सम्पूर्ण कर्मचारीहरु

सुरुङ्गा नगरपालिकाको यस गरिमामय पन्ध्रौं नगरसभामा उपस्थित हुनुभएका सम्पूर्ण नगरसभा सदस्यहरुलाई हार्दिक स्वागत गर्दछु ।

नगरपालिकाको आर्थिक वर्ष २०८ २ ⁄०८३ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु । नेपालको सं विधान अनुरुप स्थानीय तहहरुको स्थापना भई दोस्रो चरणको निर्वाचन पश्चात निर्वाचित जनप्रतिनिधीहरुको बहालि भएको तीन बर्ष पुरा भएको छ । यस क्रममा समृद्ध तथा बिक सित नगरपालिका बनाउनका लागि उल्लेख्य उपलब्धीहरु हासिल भएका छन् । यो काम आफैंमा चुनौतिपूर्ण भएता पनि विभिन्न बाधा कठिना ईहरू पार गर्दै सुरु ङ्गा नगरपालिका आजको अवस्थासम्म आई पुगेको छ । नगरपालिकाको सपना साकार बनाउने काममा यहाँहरुले गरेको योगदानलाई सुरुङ्गा नगरपालिकाले कदर गर्दै अगामी दिनहरुमा पनि यहाँहरुको सकृय सहयोग तथा सहकार्यको अपेक्षा गर्दछु । संविधानले स्थानीय तहलाई दिएको कार्यकारिणी, व्यवस्थापकीय र न्यायीक अधिकारमध्ये आज हामी नगर सभामार्फत व्यवस्थापकीय अभ्यास गर्न गइरहेका छौं । अतः यस ऐतिहासिक दिनमा नगरपालिकाको पन्ध्रौं नगरसभामा उपस्थित हुनु हुने सबै नगरसभा सदस्यज्यूहरु तथा कर्मचारी मित्रहरुलाई पुनः हार्दिक स्वागत गर्दछु ।

नगर सभा सदस्यज्यूहरु,

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना अनुरुप तीन तहको सरकारहरुको स्थापना हुनु नेपाली जनताको दशकौं देखिको त्याग , बलिदान र लामो संघर्षको उपलब्धि हो । यस अवसरमा म लोकतन्त्र प्राप्तिको लामो संघर्ष एवं आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन बलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै , विभिन्न आन्दोलनका क्रममा घाइते, वेपत्ता नागरिकप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

अब म आर्थिक वर्ष २०८ २ ⁄०८३ मा यस नगरपालिकाले लिएका नीति तथा यसका केहि मुख्य उपलब्धीहरुको बारेमा संक्षिप्त रुपमा समिक्षा गर्न गैरहेको छु ।

सुरुंगा नगरपालिकाको पन्ध्रौ नगर सभाबाट आ. व. २०८२ ⁄०८३ का लागि स्विकृत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि नगरपालिकाको सिमित स्रोत साधन जनशक्ति तथा सस्थागत क्षमता आवश्यक हुने भएता पनि उपलब्ध स्रोत साधनको अधिकत्तम उपयोग तथा परिचालनबाट निकै उपलब्धी हासिल गरेको महशुस गरेको छु । यस अवधिमा शिक्षा , स्वास्थ्य तथा सामाजिक समावेशिकरणको क्षेत्रमा उल्लेख्य कार्यहरु भएका छन् । सुरुंगा नगरपालिकालाई पहिलो बालविवाह मुक्त नगरपालिका घोषणा गर्न हामी सफल भएका छौं । साक्षर नगरपालिका घोषणा भइसकेको सुरुंगा नगरपालिकालाई २०८२ भित्रै बाल मैत्री नगर घोषणा गर्ने प्रतिबद्धताका साथ कार्य अगाडि बढाईएको छ । महिला तथा युवाहरुलाई उद्यमशील बनाई आय आर्जन बृद्धिका लागि बिभिन्न किसिमका सीपमुलक तालिमहरु संचालन गरिएको छ । यस नगरपालिकामा रहेका भुमिहीन दलित तथा भूमिहीन सुकुम्बासिहरुको समस्या समाधानका लागि जग्गा नाँप जाच गरि लालपुर्जा वितरण कार्यको थालनि गरिएको छ । पुर्वाधार तर्फ सडक ग्राभेल , ढलान, खानेपानी, सिँचाई बोरिंग जडान, विद्युतिकरण, सडक बत्ति जडान लगायतका पुर्वाधारका अलावा कडरवानामा १५ शैयाको अस्पताल तथा कुशहामा प्रमुख प्रशासकीय भवनको निर्माण, कृषि तथा पशुपंक्षी शाखाको आफ्नै सुविधा सम्पन्न भवन जस्ता ठूला पूर्वाधारका कामहरु सम्पन्न हुने चरणमा छन । विशेष गरी नगर भित्रका ठुला पूर्वाधार नगर अस्पताल र नगरको प्रमुख प्रशासकीय भवन आगामी आर्थिक वर्ष सम्पन्न भइ सञ्चालनमा ल्याइनेछ ।नगरपालिका तथा वडा कार्यालयहरुबाट हुने दैनिक सेवा प्रवाह प्रणालीमा सुधार ल्याउनका लागि सूचना प्रबिधिको अधिकतम प्रयोग गरिएको छ भने कर्मचारीको क्षमता अभिबृद्धिका लागि बिभिन्न कार्यक्रमहरु संचालन गरिएका छन् ।

अब म आगामी आर्थिक वर्ष २०८२ ⁄०८३ का लागि प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

सुरुंगा नगरपालिकाको आ.व. २०८२ ⁄०८३ को नीति तथा कार्यक्रम, नेपालको संबिधान २०७२, नेपाल सरकारको आर्थिक नीति तथा आवधिक योजना, दिगो विकासको लक्ष्य, स्थानीय सरकार संचालन ऐन २०७४ , अन्तर सरकारी बित्तिय ब्यवस्थापन ऐन , अन्तर राष्ट्रिय क्षेत्रमा नेपालले गरेका प्रतिबद्धताहरु , प्रदेश सरकारले अङ्गिकार गरेको नीति तथा कार्यक्रम एवं नगरबासिहरुबाट प्राप्त सुझावहरु समेतलाई आधार मानेर तयार गरिएको छ ।

बिकास एक निरन्तर एवं गतिशील प्रक्रिया भएकोले यस नीति कार्यक्रममा विगतका वर्षहरुमा लिएका कतिपय निती तथा कार्यक्रमहरुलाई निरन्तरता समेत दिइएको छ । यसका लागि विकासका कार्यलाई जनमुखी बनाउँदै नगरवासीहरुको आर्थिक

क्रियाकलापको बढोत्तरी गरी , सामाजिक न्याय तथा समानतामा अधारीत भेदभाव रहित सरल र सहज जीवन यापनका अधारहरुको सुनिश्चित गर्नका लागि आर्थिक , सामाजिक तथा पूर्वाधारका क्षेत्रहरुमा लगानी बृद्धी गरी सुरुङ्गा नगरलाई कृषि , पर्यटन, शिक्षा, स्वास्थ्य, व्यापार र पूर्वाधार बिकासका माध्यमबाट दिगो विकासको लक्ष्यलाई आत्मसाथ गर्दै आर्थिक , सामाजिक तथा सांस्कृतिक रुपमा सम्पन्न , वातावरणीय दृष्टिले स्वच्छ , सुविधा सम्पन्न व्यवस्थित नमूना तथा व्यवस्थित गाउँ/ शहर निर्माण गर्ने उद्देश्य अगामी आर्थिक वर्षमा लिइनेछ ।

उल्लेखित दीर्घकालीन सोंच , लक्ष्य तथा उद्देश्य मुताविक यस नगरपालिकाले आ.व. २०८ २/०८३ मा अवलम्वन गर्ने नीति तथा कार्यक्रम सम्मानित नगर सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**(क) आर्थिक विकास**

**१. कृषि तथा पशु पंक्षी विकासः**

- कृषि उत्पादनमा व्यावसायीकरण , आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकरण विशेष जोड दिदै सामुहिक खेती प्रणाली , सामुहिक पशुपालन र विकास गरी कृषि क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्वन गरिनेछ
- कृषि क्षेत्रको विकासका लागि पकेट क्षेत्रको पहिचान गरी व्यवसायिक खेती , नगदेवाली खेती एवं तरकारी तथा फलफुल खेतीलाई प्रोत्साहन गरिनेछ ।
- यसै नगरपालिकाका कृषकहरुलाई उन्नत विउ उत्पादन सम्वन्धी तालिम दिई धान, गहुँ तथा तरकारीको वीउ कृषक आफैले उत्पादन गरी विक्री वितरण गर्ने व्यवस्था मिलाइने छ ।
- कूल लागतको ५० प्रतिशत अनुदानमा धान तथा गहुँको उन्नत वीऊ कृषकहरुलाई उपलव्ध गराईनेछ ।
- कृषकहरुलाई कृषि औजार खरिदमा अनुदान दिने व्यवस्था मिलाइनेछ किसानको हित प्रवर्द्धन तथा कृषि उत्पादन अभिवृद्धिका लागि कृषि मिटरको महशुल नगरपालिकाले तिर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- कृषकहरुलाई रसायनिक मलको व्यवस्था कृषि सहकारी मार्फत समानुपातिक रुपमा वितरण गर्ने व्यवस्था मिलाइनेछ । मल वितरण गर्ने डिलरहरुको संख्यामा बृद्धि गरिने छ ।
- कृषकहरुको क्षमता बिकासको लागि कृषि सम्बन्धि तालिमहरु संचालन गरिनेछन् ।
- कृषि क्षेत्रका जनशक्तिहरुलाई नियमित रुपमा कृषकको घर दैलो सम्म पुर्याउने नीति लिईने छ ।
- नगरपालिका भित्रका खेतियोग्य जमीनको माटो परिक्षणका लागि माटो परीक्षण शिविर संचालन गरिने छ ।
- बाख्रा पालक तथा माछा पालक कृषकका लागि पकेट कार्यक्रम संचालन गरिने छ ।
- ब्यवसायिक माछापालक कृषकको ब्यवसाय प्रवर्द्धन गर्न पोखरी खन्नका लागि किसानलाई अनुदान दिइनेछ ।
- एक गाँउ एक उत्पादन को अवधारणा अनुरुप कार्यक्रम ल्याइने छ ।
- यस नगरपालिकामा उत्पादन हुने आँपलाई विषादी, हर्मोन तथा रसायनमुक्त बनाइ आफ्नो नाम दिई लेबलिंग गरि बजार प्रवर्द्धन गर्न कार्यक्रम ल्याइनेछ ।
- नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ ।
- उन्नत जातका गाई, भैसी, बंगुर तथा बाख्रापालनलाई प्रोत्साहित गरिनेछ ।
- पशु चौपाया हाटवजारको माध्यमद्धारा कृषकहरुको जानकारीका लागि कृषि सम्वन्धी जानकारीमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- अर्गानिक खेति प्रणालीलाई प्रोत्साहन गर्न यस सम्बन्धी तालिम संचालन गरिने छ ।
- बाख्रापालन तथा माछापालनका माध्यमवाट आयआर्जन वृद्धि गर्न पकेट कार्यक्रमहरु संचालन गरिनेछन् । यसका लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।
- पशु औषधी र पशु खोप कार्यक्रम संचालनका आवश्यक बजेट बिनियोजन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र रहेका मासु पसलहरुको अनुगमन गरी स्वस्थ्य मासुको बिक्री वितरणलाई प्रोत्साहित गरिनेछ
- कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमनलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- कृषकहरुलाई आवश्यक पर्ने बीउ उत्पादनलाई बढावा दिन मूल बीउबाट बिउ उत्पादन कार्यक्रममा प्रोत्साहन दिई उन्नत बीउ वितरण र पशुको नश्ल सुधारमा अनुदानको व्यवस्था गरिने छ ।
- सामुहिक तथा सहकारी खेतीलाई प्रोत्साहित गर्न विशेष अनुदानको व्यवस्था गरिने छ ।
- नगरपालिका भित्र खालि रहेका बाँझो जमिनहरु गरिब तथा भुमिहीनहरुले सामुहिक खेति गर्न पाउने नीति अवलम्बन गरिनेछ जसका लागि यस सम्बन्धी कार्यबिधी बनाई लागु गरिनेछ ।

**२. पर्यटनः**

• यस न.पा.क्षेत्रभित्र रहेका पर्यटकीय स्थलहरु सेतीदेवी , बिषनरिया दह, अमहा दह, मुसहरनिया दह, सुरुङ्गा पहाड आदिको बिकासका लागि चालु चालु आर्थिक बर्षमा बिस्तृत परियोजना प्रतिबेदन तयार गरि प्रदेश तथा संघीय सरकार संग सहकार्य गरिने छ ।
• परम्परागत धर्म, कला र संस्कृतिको सम्वर्द्धन र प्रवर्द्धनका लागि धर्म कला संस्कृति संरक्षण शिर्षकमा बजेट बिनियोजन गरिने छ ।
• स्थानीय स्तरमा रहेका ससाना मन्दिर, थान आदिको संरक्षणका लागि साना पुर्वाधार निर्माण गरिने छ ।
• ऐतिहासिक धार्मिक साँस्कृतिक एवं पुरातात्विक महत्वका मठ मन्दिर , थान, पाटी, पौवा, पोखरी, ताल, सिमसार, मस्जिद, गुम्वा आदिको संरक्षण एवं जिर्णोद्धार गर्दै लगिने छ ।
• सार्वजनिक स्थलहरुको पहिचान गरी सार्वजनिक पार्कहरु एवं वाल उद्यान निर्माणका लागि जोड दिइने छ ।
• कला, संस्कृति प्रवर्द्धन तथा उद्योग व्यवसाय प्रोत्सानका लागि होमस्टेको अवधारणालाइ अगाढी बढाइनेछ ।

**३. उद्योग, बाणिज्य तथा सहकारीः**

• सामाजिक परिचालनको माध्यमबाट छनौट भएका महिला उद्यमीहरु लघु उद्यम विकास कार्यक्रम अन्तरगत नया उद्यमी श्रृजना गरिने छ ।
• विपन्न महिला लक्षित उधमशिलता बिकास तथा बिभिन्न प्रकारका सीप विकास सम्बन्धी तालिम कार्यक्रमहरु संचालन गरिनेछन् ।
• यस नगरपालिका क्षेत्रभित्र औधोगिक ग्राम स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ । सम्भाव्यता अध्ययन पश्चात सो परीयोजना कार्यान्वयका लागि प्रदेश सरकारसंग सहकार्य गरिने छ ।
• नगरपालिकामा व्यवसाय दर्ता गरे पश्चात मात्र व्यवसाय संचालन गर्न पाउने गरी व्यवसाय दर्ता अभियान संचालन गरिएकोमा यस कार्यलाई निरन्तरता दिईनेछ ।
• बजार अनुगमनको कार्यलाई प्राथमिकता दिइनेछ । कृत्रिम अभाव सृजना गरी मूल्य वृद्धि गर्ने तथा काला बजारी गर्ने उपर आवश्यक कानूनी कारवाही अगाडि वढाइनेछ ।
• स्थानीय सहकारी संस्थाहरुको क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिनेछन् ।
• विगतमा दर्ता भएका सहकारी संस्थाहरुको अभिलेखलाई बिद्युतीय माध्यममा आवद्ध गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।
• नगरक्षेत्रभित्रका स्थानीय कच्चा पदार्थलाई प्रयोग गरी औद्योगिक उत्पादनमा परिणत गरी स्थानीय रोजगारी तथा आय आर्जन अभिबृद्दी गर्न लघु तथा मझौला उद्योग स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
• नगरपालिका भित्र उत्पादन भएका हस्तकला लगायत विभिन्न् उत्पादनहरुलाई कोसेली घर मार्फत एकिकृत गरी आर्थिक उन्नतिमा जोड दिईनेछ ।

**४. रोजगार प्रवर्द्धन तथा गरिबी न्यूनीकरण**
• गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम मार्फत रोजगारी श्रृजना गरि गरिवी निवारणका लागि प्रयास निरन्तर रहनेछ ।
• युवाहरुलाई सीपयुक्त बनाई स्वरोजगार बनाउन मागमा आधारित सीपमूलक तालिम संचालन गरिने छ ।
• गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन कार्यलाई निरन्तरता दिईनेछ ।
• गरिबी निवारण सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय संस्थासँग सम्पर्क, समन्वय र सहकार्य गरिनेछ ।
• पहिचान भएका गरिब घरपरिवार एवं लक्षित समूह सम्बन्धी स्थानीय योजना , कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन गरी आय आर्जनको अवसर प्रदान गर्ने कार्यको थालनी गरिने छ ।
• प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तगरगत सूचिकृत भएका बेरोजगारहरुलाई दिईने रोजगारीको संख्या अभिवृद्धि गर्न यस कार्यक्रमलाई नगरपालिकामा संचालन हुने अन्य योजना तथा कार्यक्रमसँग आबद्ध गरिने छ ।
• समाजमा रहेका बेरोजगारी न्यूनिकरण गर्न नगरपालिकाको पहलमा नमूना विद्यालयहरुमा प्राविधिक विषयको पठन पाठनको थालनी गरिने छ ।

**५. कर तथा राजश्व प्रशासनः**
• बिद्यमान कर प्रणालीलाई बैज्ञानिक र ब्यवस्थित बना उँदै करको दायरा फराकिलो बनाउँदै करका दरहरुमा समयानुसार परिवर्तन गरिने छ ।
• आन्तरिक आयको वृद्धिका लागि करका नयाँ क्षेत्रहरुको पहिचान गर्दै लगिनेछ ।
• कर, राजश्व असुलीमा सुचना प्रविधिको प्रयोग बढाइनेछ ।
• आन्तरिक आयको वृद्धिका लागि करका नयाँ क्षेत्रहरुको पहिचान गर्दै लगिनेछ ।
• नगरपालिका भित्र लाग्ने साप्ताहिक हाटबजार, पोखरी, नदीनाला आदिको ठेक्का आवश्यक प्रकृया पुर्याइ समयमै व्यवस्थापन गरिनेछ ।
• बढि राजश्व संकलन हुने वडाहरुलाई दिइने अनुदानमा थप गरि बढि राजश्व संकलन गर्ने वडाहरुको मनोबल उच्च बनाउने नीति लिईने छ ।

• हाल रहेका बाँकि बक्यौता कर असुलीका लागि कार्यदल बनाई परिचालन गरिनेछ ।
• चालु आ.ब. मा यस नगरपालिकाको राजश्व सुधार कार्ययोजना निर्माण भएकोमा उक्त प्रतिबेदनमा उल्लेख भएका सुझावहरुलाई कार्यान्वयनमा जोड दिईनेछ ।
• कर तथा राजश्व असुलीका लागि आन्तरिक राजश्व कार्यालयसँग समन्वय र सहकार्य गरिनेछ ।

**(ख) सामाजिक बिकासः**

१. शिक्षा तथा खेलकुदः

• विद्यालय भर्ना अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्न घरदैलो कार्यक्रम गरिनेछ ।
• विद्यालयबाट बाहिर रहेका बालवालिकालाई विद्यालयमा ल्याउन प्रोत्साहन गरिनेछ । यसका लागि दिवा खाजा , निशुल्क पाठ्यपुस्तक वितरणका अलावा क्षात्रबृत्ति कार्यक्रम समेत संचालन गरिनेछ ।
• सुरुङ्गा नगरक्षेत्रभित्रका छात्र छात्रा र दलित तथा सिमान्तकृत विधार्थीहरुलाई उच्च शिक्षा अध्ययनको लागि छात्रबृत्तिको व्यवस्था गरिनेछ ।
• शिक्षकको अभाव पूर्ति गर्नका लागि स्वयमसेवक शिक्षक परिचालन गरिएकोमा यसको संख्या समेतलाई बृद्धि गरि निजहरुको पारिश्रमिकलाई श्रोतको उपलव्धतालाई ध्यानमा राखि बृद्दि गरिनेछ ।
• रोजगारमूलक एवं सीपमूलक प्राविधिक शिक्षामा जोड दिइनेछ ।
• शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड दिइनेछ । यसका लागि आगामी आ. व. भित्र यस न.पा. क्षेत्रभित्र रहेका सवै विद्यालयहरुमा कम्प्युटर प्रिन्टर तथा ईन्टरनेटको पहुच पुर्याइनेछ ।
• सबै बाल विकास केन्द्रहरुमा श्रव्य दृश्य माध्ययमबाट पठन पाठनको ब्यवस्था मिलाईनेछ ।
• बाल विकास सहयोगि कार्यकर्ता तथा विद्यालयमा कार्यरत कर्मचारीह तथा सहयोगीरुलाई नगरको तर्फबाट मासिक रु ८०००।०० थप रकम दिईदै आएकोमा आगामी वर्ष पनि त्यसलाई निरन्तरता दिइनेछ ।
• ५ बर्षे नगर शिक्षा योजनालाई कार्यान्वयनमा लगि शैक्षिक बिकासमा थप सुधार गरिनेछ ।
• सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण , मर्मत सम्भार, संचालन र व्यवस्थापनमा उचित ध्यान दिइनेछ । यसका लागि विद्यालय स्तरमा खानेपानी, सरसफाई एवं शौचालय, पर्खाल निर्माणको कार्यलाई प्राथमिकताका साथ आगाडी बढाइनेछ ।
• सामुदायिक सिकाइ केन्द्र, सार्वजनिक पुस्तकालय स्थापना र संचालन गर्न प्रोत्साहित गरिनेछ ।
• सामुदायिक विद्यालयहरुमा अध्ययनरत आर्थिक रुपले विपन्न , लोपोन्मुख र सिमान्तकृत समुदाय, दलित तथा अपाङ्गता भएका जेहेन्दार विधार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था लाई निरन्तरता दिईनेछ ।
• सामुदायिक विद्यालयहरुमा अध्ययनरत महिनावारी हुने उमेर समूहका छात्राहरुलाई निःशुल्क स्यानेटरी प्याड वितरण गरिने कार्यक्रमलाई निरनतरता दिईनेछ । स्यानेटरी प्याड वितरण र प्रयोग भएका स्यानेटरी प्याडको व्यवस्थापनका लागि प्रविधियुक्त व्यवस्थापन गरिनेछ ।
• नगरपालिका भित्रका सवै सामुदायिक विद्यालयहरुमा अनुगमनको कार्यलाई निरन्तरता दिइनुका साथै सामुदायिक विद्यालयहरुको आय व्ययलाई पारदर्शी गर्दै लगिनेछ ।
• सुरुंगा नगरपालिकाको शिक्षा नियमावली , २०७९ मा ब्यवस्था भए बमोजिम कार्यसम्पादनका आधारमा शिक्षकहरुको सरुवा तथा पदस्थापन गरिनेछ ।
• विद्यालय सुशासन, पारदर्शिता र जवादेहिता अभिबृद्धिको लागि बिधालयमा सामाजिक परीक्षण, सार्वजनिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षणलाई वास्तविकतामा आधारित बनाइने छ ।
• सम्बन्धित निकायवाट अनुमति तथा संचालन स्वीकृति नलिई संचालनमा रहेका तथा अनुमति नै नलिई थप कक्षा संचालन गरिरहेका विद्यालयहरुको विवरण संकलन गरी नियमनका लागि तत्कालै आवश्यक प्रकृया अघि बढाइनेछ ।
• स्थानीय पाठ्यक्रम परिमार्जन तथा पाठ्य सामाग्री निर्माण कार्यलाई पूर्णता दिई आगामी वर्षबाट कक्षा १ देखि ५ सम्म स्थानीय पाठ्यक्रम लागु गरिनेछ ।
• छोराछोरीलाई विद्यालय नपठाउने अभिभावकहरुलाई पालिकाले दिने सेवा सुविधामा कटौती गर्ने नीति लिइनेछ ।
• विद्यालयहरुमा विद्युतीय हाजिरी प्रणालीको थालनी गरि समय पालना र नियमितता कायम गरिने छ ।
• नगरका गाँउ टोल तथा विद्यालयहरुमा कोचिंग तथा बाह्य कक्षा संचालन गरि बिद्यार्थीको सिकाई उपब्धीमा गुणत्मक सुधार गरिने छ ।
• नगर शिक्षा ऐन २०७७ लाई समयानुकुल सम्शोधन गरी श्रोत शिक्षकको व्यवस्था गरिनेछ ।
• नगरपालिका भित्रका कक्षा १० तथा १२ का विद्यार्थिहरुका लागि गुणस्तरीय शिक्षा प्रदान गर्न निशुल्क ट्यूशन कक्षा संचालन गरिने छ ।

• नगर भित्र रहेको सामुदायिक र संस्थागत विद्यालयहरुको सहभागितामा बार्षिक रुपमा हाजिरीजवाफ , वक्तृत्वकला, गायन प्रतियोगिता लगायतका अतिरिक्त कृयाकलापका माध्यमद्वारा क्षमता विकास तथा प्रतिभा प्रष्फुटन गर्ने कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिने छ ।
• नगरका युवाहरुलाई अधिक मात्रामा खेलकुदमा सरिक गर्दै लगिनेछ । स्थानीय स्तरमा खेलकुद पूर्वाधार निर्माणमा जोड दिइनुका साथै खेलकुदको विकास र प्रवद्र्धनका लागि स्थानीय स्तरमा खेलकुद प्रतियोगिता आयोजना गरिनेछ
• नगरका युवा तथा बालबालिकाहरुलाई खेलकुद प्रति जागरुक बनाउन भलिबल, फुटबल तथा क्रिकेट लगायनका बिषयहरुमा निशुल्क खेलकुद तालिम संचालन गरिने छ ।
• युवाहरुलाई सरकारी सेवामा आकर्षित गर्दै देश सेवाको भावनामा अभिप्रेरित गरि रोजगारीमा अभिवृद्धि गर्नको लागि लोक सेवा आयोग, शिक्षासेवा आयोग जस्ता परीक्षा तयारी कक्षा संचालन गरिनेछ ।
• विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम लागू गरिनेछ ।

**२. स्वास्थ्य तथा जनसंख्याः**

• स्वास्थ्य सेवामा गुणस्तर अभिवृद्धि गर्दै सबै नगरबासिमा स्वास्थ्य सेवाको शुलभ र प्रभावकारी पहुँच पुर्याउने नीति लिइनेछ ।
• सबै स्वास्थ्य चौकीहरुमा निःशुल्क औषधीको व्यवस्था मिलाईनेछ ।
• स्वच्छ समाज स्थापना गर्न स्वस्थ बनौं सफा रहौं, स्वास्थ्य क्षेत्रमा आमुल सुधार गरौं भन्ने अभियान सञ्चालन गरी आम नागरिकहरुको सहभागितामा **गाउँ, टोल, वस्ति सफा नगर त्यसै सफा**"को कार्यक्रम सञ्चालन गरिनेछ।
• नगरका मुख्य टोलहरुमा फोहोर मैला संकलनको कार्यलाई बिस्तार गरिनेछ।
• नगरस्तरमा विशेषज्ञ चिकित्सक सहितको कम्तिमा १५ शैयाको अस्पताल निर्माणको प्रक्रिया थालनी भैसकेकोमा यसलाई एक बर्ष भित्र पूर्णता दिई संचालनमा ल्याईनेछ ।
• स्वास्थ्य बीमा कार्यक्रमलाई नेपाल सरकारको घोषणा अनुसार सबै जनतामा पु ¥याउन सचेतना वा जागरणका कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
• नगर क्षेत्रमा भैरहेको एम्बुलेन्स संचालनलाई निरन्तरता दिई गर्भवति महिलाहरुलाई नगर भित्रको सेवा निःशुल्क गरिएकोमा यस कार्यलाई निरन्तरता दिईनेछ ।
• नगरलाई अनुदान सहयोगको रुपमा प्राप्त भएको नयाँ एम्वुलेन्सको सन्चालन तथा व्यवस्थापनका लागि सरोकारवालहरुसँग छलफल गरी उपयुक्त व्यवस्था मिलाईनेछ ।
• किशोर किशोरीलाई लक्षित गरी प्रजनन् स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।
• शहिद परिवार, घाइते तथा अपाङ्गता भएका र बिपन्न परिवारलाई बिशेष सहुलियत सहितको स्वास्थ्य उपचारको ब्यबस्था मिलाउन पहल गरिनेछ ।
• स्वास्थ्यकर्मीहरुको क्षमता बिकासका कार्यक्रम संञ्चालन गरिनेछ ।
• नगरमा पूर्ण खोप कार्यक्रम सम्पन्न भैसकेकोले यसलाई निरन्तरता दिईनेछ ।
• बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप टेवा पुर्याउन नगरपालिकाले आवश्यक बजेट विनियोजन गरिनेछ ।
• विपन्न नागरिकहरुले क्यान्सर , मुटुरोग, मृगौला रोग , अल्जाइमर, पार्किन्सन्स, सिकलसेल एनेमिया , हेड इन्जुरी , स्पाइनल इन्जुरी लगायतका रोगहरुको उपचारमा पाउने आर्थिक सहायताको सिफारिसलाई सरल र सहज बनाइनेछ । साथै यस्ता रोगीहरुलाई नगरपालिकावाट समेत तोकिए बमोजिमको आर्थिक सहायता प्रदान गरिनेछ ।
• गाउँघर क्लिनिक र खोप क्लिनिकलाई अझ व्यवस्थित तबरवाट संचालन गरिनेछ । यसका लागि बाह्य खोप केन्द्रहरुको निर्माणमा प्राथमिकता दिइनेछ ।
• निरन्तर तथा घुम्ति सेवा मार्फत जेष्ठ नागरिकहरुको नियमित स्वास्थ्य जाँच गरिनेछ ।
• महिला स्वास्थ्य स्वयम् सेविकाहरुको कार्यको सम्मान गर्दै उनीहरुको क्षमता विकास र प्रोत्साहनका लागि बिशेष व्यवस्था गरिनेछ । महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई आफ्नो काम प्रति उत्प्रेरित गर्न प्रोत्साहन भता उपलब्ध गराइनेछ ।
• यस नगरपालिकाको प्रथमिक स्वास्थ्य केन्द्रमा स्थापना भएको प्रयोगशालालाई अत्याधुनिक उपकरण जडान गरिएकोमा यसलाई अझ ब्यवस्थित बनाई आकस्मिक तथा बहिरङ्ग सेवालाइ यसको सेवालाई अझ बिस्तार गरिनेछ ।
• नो होम डेलिभरी कार्यक्रम लागु गरिनेछ ।
• क्षयरोगमुक्त नगरपालिका घोषणा गर्ने कार्य अगाढी बढाईनेछ ।
• दिशा जन्य फोहोर तथा लेदो व्यवस्थापनका लागि सेफ्टिटयाङ्कीको सहज उपलब्धतालाई विस्तार गरिनेछ ।

### ३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः

- सामाजिक रुपमा पछाडि पारिएका वर्ग तथा समुदायको पहुँचमा अभिवृद्धि गर्दै सेवा प्रवाह गरि सामाजिक रुपान्तरण मार्फत गरिबी न्यूनिकरणलाई सहयोग पुऱ्याउन सामाजिक परिचालन कार्यक्रमलाई अझ सशक्त र प्रभावकारी वनाउँदै लगिनेछ ।
- विकासका अवसरहरुबाट पछाडि परेका नगर भित्रका भौगोलिक क्षेत्रहरुको पहिचान गरि विशेष कार्यक्रम कार्यान्वयन गर्दै लगिनेछ
- मधेशी, मुस्लीम, दलित तथा पिछडा वर्ग एवम् अल्पसंख्यक समुदायको हक हितको संरक्षण , सम्बर्धन गर्दै सम्बन्धित वर्गको भाषा , कला, साहित्य, धर्मलाई प्रवद्र्धन गर्ने नीति अवलम्बन गरीनेछ ।
- यौनिक तथा लैङ्गिक रुपमा अल्पसंख्यक समुदायको हक हितका संरक्षण र सम्बर्द्धनका लागि विशेष व्यवस्था गरीनेछ ।
- महिलाको मौलिक हक अधिकार संरक्षण एवं विकासका लागि आवश्यक कदम चालिनेछ ।
- महिला हिंसा रहित नगरपालिकाको रुपमा स्थापित गर्न आवश्यक कदम अगाडी बढाइनेछ ।
- महिलाको क्षमता अभिबृद्धिका लागि सिपमुलक, चेतनामुलक कार्यक्रम संञ्चालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयमसेवीकाको मनोबल उच्च बनाउन निजहरुको सेवा सुबिधामा समसामयिक बृद्धि गरिनेछ ।
- बाल श्रम, बाल शोषण, बाल विवाह र बालहिंसा न्युनीकरण गर्न यस सम्बन्धी कानुनहरुलाई कडाईका साथ लागु गरिनेछ ।
- बाल बचाउ, बाल संरक्षण, बाल विकास र बालबालिकाको उनीहरुका लागि गरीने निर्णय प्रकृयामा अर्थपूर्ण सहभागीता गराउनका लागि नगरले विशेष पहल गर्नेछ ।
- बालविवाह निर्मुल गर्न छोरी विमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- यो वर्ष भित्र नगरपालिकाको थप एक वडालाई बालमैत्री वडा घोषणा गरी २०८ २ भित्र समग्र नगरलाई नै बाल मैत्रि नगरपालिका घोषणा गरिनेछ ।
- बालमैत्री विद्यालय र बालमैत्री शिक्षण सिकाई पद्धतिको विकासको लागि सम्बन्धित विद्यालयहरुलाई सहयोग गर्ने नीति अवलम्बन गरीनेछ ।
- बाल क्लब र बाल संञ्जालहरु मार्फत बालबालिकाको क्षमता विकास तथा वालवालिकासङ्ग सम्वन्धित सार्वजनिक सम्वाद तथा निर्णयहरुमा उनिहरुको प्रभावकारी उपस्थिति सुनिश्चित गरिनेछ ।
- विद्यालयमा भर्ना भएका किशोरीहरुको ड्रप आउट दरलाई न्यूनिकरण गर्न वडा मार्फत चेतना तथा सशति ऋकरणका कार्यक्रम सञ्चालन गरीनेछ ।
- चालु आ.ब. मा यस नगरपालिकालाई मधेश प्रदेशकै पहिलो वालविवाह मुक्त नगरपालिका घोषणा गरिएकोमा यसको कार्यान्वयनमा जोड दिईनेछ ।
- २०७९ श्रावण महिना पश्चात जन्मिएका छोरिहरुको भविष्य सुनिश्चिताका लागि छोरी बिमा कार्यक्रम संचालन गरिएकोमा यसलाई निरन्तरता दिईनेछ ।
- जेष्ठ नागरिकको अभिलेख संकलन र परिचय पत्र वितरण कार्यलाई सरल सहज र व्यवस्थित बनाइनेछ ।
- आगामी आ.ब. मा जेष्ठ नागरीक दिवसको दिन नगरपालिका भित्रका सबै भन्दा ज्येष्ठ नागरिकलाई लाई सम्मान गरीनेछ ।
- जातिय बिभेद र उत्पीडनका बिरुद्ध समानता, बन्धुत्व र मानवता कायम गर्न सहभावमुलक कार्यक्रम सञ्चालन गरिने छ ।
- सचेतना तथा सीपमूलक तालिम संचालन गर्दा फरक क्षमता भएका व्यक्तिहरुलाई विशेष प्राथमिकता दिईनेछ ।
- आदिवासी जनजातीहरुको भाषा संस्कृति र भेषभुषा सम्बन्धि सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ ।
- नगर भित्र निर्माण हुने सबै भौतिक पुर्वाधार लाई अपाङ्ग मैत्री बनाउने नीति लिइनेछ ।
- नगरपालिकाबाट प्रवाह हुने सेवामा अपांगता भएका तथा जेष्ठ नागरिकहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।
- जेष्ठ नागरिक तथा अपंगता भएकाहरुकालागि प्रयोगशालाको सेवा निशुल्क गरिने छ ।
- ग वर्गको अपाङ्गता परिचयपत्र भएका नगरवासीहरुलाई मासिक रु५००।० का दरले निर्वाह भताको व्यवस्था मिलाईनेछ ।

### (ग) पूर्वाधार विकासः

१) सडक यातायात तथा पुल, सिंचाई, उर्जा एवं संचारः

- नगरपालिका अन्तरगतका सडकहरुको वर्गिकरण गरि मापदण्ड निर्धारणका लागि नगर यातायात गुरुयोजनालाई अद्यावधिक गरिएकोमा यसलाई कार्यान्वयनमा लगिनेछ ।
- सडक अधिकार क्षेत्र मिच्ने, सार्वजनिक स्थानमा घर टहरा बनाउने कार्यको रोकथाम गरिने छ ।
- कार्यालयदेखि प्रत्येक वडा केन्द्रसम्म पुग्ने सडक सञ्जाल बिस्तार गरिनेछ । "हाम्रो सडक सुन्दर र फराकिलो सडक " अभियान मार्फत नगर क्षेत्र भित्रका सडकहरु फराकिलो र स्तरोन्नति गरिनेछ ।
- नगरपालिका भित्रको मुख्य सडक खण्डलाई हरित वातावरणमैत्री बनाउन बृक्षारोपणको व्यवस्था गरीनेछ ।

• सुरुङ्गा नगरपालिका क्षेत्रभित्र एशियाली विकास बैंक तथा अन्य दातृ संस्थासङ्गको सहकार्यमा अधिकतम ५ मेगावाट क्षमताको सौर्य उर्जा उत्पादनका गर्न सौर्य उर्जा प्लान्ट जडान गर्नकाका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
• कृषि विद्युतिकरणलाई विशेष प्राथमिकता दिईनेछ ।
• नगर क्षेत्रभित्र *CCTV* जडान कार्यलाई जोड दिईनेछ ।
• सुरुङ्गा नगरपालिका वडा न ३ मा रहेको कडहरवा चोकदेखि पूर्व चहका कोरिया जाने सडक नगरपालिकाको भूवर्गिकरण योजनामा कृषि सडकको रुपमा अभिलेखिकरण भएकोमा उक्त सडकको चौडाई कृषि सडकको नक्सा मापदण्ड भन्दा बढी भएको हुँदा सो सडकलाई अन्य उपयुक्त सडकको रुपमा स्तरोन्नती गरी ख वर्गको आवासीय सडकमा अभिलेख गर्ने व्यवस्था मिलाईनेछ ।
• कृषि मिटरमा लाग्ने शुल्कको भुक्तानि नगरबाट गरिएकोमा यस कार्यलाई निरन्तरता दिईनेछ ।
• सम्पूर्ण नगरलाई उज्यालो बनाउन नेपाल विद्युत प्राधिकरण सँग समन्वय गरि सडक बत्ति जडान गरिनेछ ।
• यातायात सुविधामा सबै वडावासीको सरल, सहज र समान पहुँच निर्माण गरिनेछ ।
• नगर क्षेत्रभित्रका सरकारी, सार्वजनिक तथा गुठि जग्गाहरुको संरक्षण र सम्वर्द्धनमा विशेष जोड दिईनेछ ।
• उपभोक्ता समितिको कार्य क्षमता, कार्य कुशलता अभिवृद्धि गर्न अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
• नगरपालिकाबाट निर्माण भएका भौतिक पूर्वाधार मर्मत सम्भारका लागि मर्मत सम्भार कोषमा आवश्यक रकम विनियोजन गरिने छ ।
• नगर भित्रका गाउँहरुमा आरसिसी ढलान तथा नाला निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइने छ ।
• भौतिक पूर्वाधारहरुको निर्माणलाई गुणस्तरिय बनाउनका साथै यस्ता संरचनाहरुलाई अपाङ्गमैत्री र वातावरणमैत्री बनाउदै लगिनेछ ।
• प्रमुख प्रशासकीय भवनको निर्माण कार्यको थालनि भएकोमा यसलाई आगामी आर्थिक बर्ष भित्र सम्पन्न गरिनेछ ।
• उपभोक्ता समितिबाट काम गर्न सम्भव नहुने जटिल प्रकृतिका योजनाहरु सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तोकिएका विधिबाट कार्यान्वयन गरिनेछ ।
• विकास निर्माणका कार्यहरुको विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गर्ने प्रणालीको थालनी गरिएकोमा यस कार्यलाई निरन्तरता दिई थप पारदर्शी र प्रतिश्पर्धी बनाईने छ ।
• रू ५ लाख भन्दा बढीका योजनाहरु संचालन गर्दा योजना स्थलमा अनिवार्य रुपमा होडिङ्ग बोर्ड राख्ने पर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
• भौतिक पूर्वाधारहरु निर्माण गर्दा तोकिएको मापदण्ड कायम गर्न अनुगमन प्रणालीलाई सशक्त बनाइनेछ ।
• सगरमाथा राजमार्गमा परेको जग्गाको लगत कट्टी भइ राजमार्ग कायम नभएको हुँदा जग्गाधनीले अहिले पनि मालपोत र भूमीकर तिर्न पर्ने अवस्थाको अन्त्यका लागि लगत कट्टी गर्ने कार्य अगाडी बढाउन सम्बन्धित निकायसँग समन्वय गरिनेछ । यस कार्यका लागि बजेट विनियोजन समेत गरिनेछ ।

**(२) भवन तथा शहरी विकासः**

• जग्गाको अनियन्त्रित खण्डिकरण तथा अ व्यवस्थित उपयोग नियन्त्रणका लागि सुरुंगा नगरपालिकाको भू उपयोग योजना , २०७९ स्वीकृत भई सकेकोमा यसलाई प्रभावकारीताका साथ लागु गरिनेछ ।
• नगरपालिका भित्र रहेका सरकारी, गुठी, ऐलानी र मठ मन्दिरको स्वामित्वमा रहेको जग्गाको जोतभोग गर्ने सम्बन्धित व्यक्ति, निकाय नभेटिएको अवस्थामा सो जग्गाको लगत अद्यावधिक गरि नगरपालिकाको मातहतमा ल्याई संरक्षण र सम्वर्द्धन गरिनेछ ।
• बढ्दो जनसंख्या र नागरीकहरुको आकर्षणको केन्द्र नगर भईरहेको कुरालाई मध्यनजर गर्दै नेपाल सरकार शहरी विकास मन्त्रालय लगायतका सरकार मातहतका मन्त्रालय संग समन्वय गरी एकीकृत शहरी विकासको लागि पहल गर्ने नीति अवलम्वन गरीनेछ ।
• शहरी बिकास तथा भवन निर्माण आचार संहिता लाई कडाइका साथ लागू गरि समसामयिक रुपमा परिमार्जन गरिने छ ।
• नयाँ पक्की घर बनाउने घर धनिलाई नक्सा पास गर्न अनिवार्य गरीनेछ । पुराना नक्सा पास नगराई बनाएको घरहरु अभिलेखिकरण गरीनेछ । नक्सा पास गर्ने नियमलाइ कडाइका साथ पालना गरिनेछ र सहजीकरणका लागि सफ्टवेयर प्रणाली अवलम्बन गरिनेछ ।
• नगरपालिकाबाट अनुमति नलिई भवन निर्माण गर्ने घरधनीलाई नगरपालिकाले कार्यालयहरुका तर्फबाट गरिने सम्पूर्ण सिफारिस तथा सुविधामा रोक लगाई प्रचलित कानून बमोजिम सजाय समेत गरिने छ ।
• सरकारी, सार्वजनिक, ऐलानी पर्ती जग्गामा निर्माण भएका व्यक्तिगत भवन तथा संरचनालाई नक्सा पास तथा अभिलेखीकरण गरिने छैन ।
• भवन निमार्णका लागि अनुमती दिंदा आफ्नो घर परिसर भित्र अनिवार्य रुपमा कम्तिमा २ वटा रुख बिरुवा लगाउनु पर्ने व्यवस्था मिलाईनेछ । घर भित्रको फोहर व्यवस्थापनको लागी सड्ने र नसड्ने गरी अलग अलग कन्टेनर राख्नु पर्ने नीति अवलम्वन गरिने छ ।
• नगरपालिका तथा सम्वन्धित निकायको अनुमति नलिई जग्गा प्लटिङ्ग गरीएका र निर्धारित मापदण्ड नपुगेका प्लटहरुमा भवन निमार्ण अनुमति दिईने छैन ।

- धुलो रहित नगर, सुरुङ्गा वासीको रहर" भन्ने मूल नारालाई स्थापित गर्न नगर क्षेत्रमा भएका सडकहरुलाई आगामी समयमा क्रमशः धुलोरहित सडक बनाउने नीति अबलम्बन गरी नेछ । जसका लागि नगरपालिकाका प्रमुख सडक , शाखा सडक र भित्री सडकहरु क्रमशः कालोपत्रे तथा ढलान गरिनेछ ।
- नागरिकको अत्यन्त गुनासोको रुपमा रहेको घरनक्सा पास प्रक्रियालाई सहज र सरलिकृत गर्न एकद्वार प्रणालीमा घर नक्सा पास प्रक्रियालाई रुपान्तरण गर्नुका घरनक्साको सफ्टवेयरलाई अनिवार्य कार्यान्वयनमा ल्याईनेछ ।

**(३) योजना तर्जुमा तथा कार्यान्वयनः**

- तल देखी माथि जाने (बटम अप अपरोच) नीति अनुसार टोल/वस्तिहरुबाट योजना छनौट गरिनेछ ।
- योजना छनौट तथा प्राथमिकिकरण गर्दा दीगो विकासको अवधारणाको अतिरिक्त राष्ट्रिय बिकास नीति , गरिबी निवारण, वातावरणीय अनुकुलता तथा स्रोत साधन उपलब्धताका आधारमा नगरवासीलाई प्रत्यक्ष लाभ हुने योजनालाई प्राथमिकता दिईने छ ।
- योजना चक्रको प्रत्येक चरणमा सरोकारवाला तथा हितग्राही समूहलाई सहभागी गराईनेछ ।
- लागत सहभागित जुटने तथा बढी भन्दा बढी जनसहभागिता हुने योजनालाई प्राथमिकता दिइनेछ ।
- योजना संचालन पश्चात निर्माणमा देखिने त्रुटि सुधारका लागि उपभोक्ता समितिले जम्मा गरेको लागत सहभागितका बाट ५ प्रतिशत रकम कट्टा गरि राखिनेछ ।
- योजना अनुगमन तथा सुपरिवेक्षण समितिलाई थप सक्रिय बनाइने छ ।
- योजना तथा कार्यक्रमहरुको फरफारक गर्ने कार्यमा सरलीकरण गरी शीघ्र फरफारकको व्यवस्था मिलाइनेछ ।
- बजेट विनियोजन गर्दा अधुरा योजनाहरुलाई सम्पन्न गर्न प्राथमिकता दिइनेछ ।
- नगरसभाबाट स्विकृत योजना तथा कार्यक्रमहरु संचालनका क्रममा गत विगत आ.बहरुमा ढिला सुस्ती हुने गरेकोमा आगामी आ.ब. मा आर्थिक बर्षको शुरुमै योजना बनाई जेष्ठ मसान्त भित्र सम्पन्न गरि आषाढ योजना शुन्य महिनालाई शुन्य महिना घोषणा गरिने छ ।
- नगर क्षेत्र भित्रका ऐलानी पर्ति तथा नदि उकास जग्गाहरु अतिक्रमण गर्ने कार्य निरुत्साहित गर्दै आवश्यनकता अनुसार नगरपालिकाको मातहतमा ल्याउने व्यवस्था गर्ने तथा,धार्मिक ,ऐतिहासिक स्थलहरुको नगरपालिकाले संरक्षण गर्ने व्यवस्थालाई जोड दिईनेछ ।

(घ) वातावरण तथा विपद् व्यवस्थापनः

.१. वातावरण

- आगामी आ.ब. देखि ५० लाख भन्दा बढिका पूर्वाधारका योजनामा संक्षिप्त वातावरण अध्ययन प्रतिबेदन अनिवार्य गरिनेछ ।
- मुख्य सडक किनार, कुलो नहर तथा नगर क्षेत्रका खालि जमिनमा वृक्षारोपण गर्दै लगिनेछ ।
- प्रत्येक टोल तथा बस्तीहरुमा एक गाँउ एक बगैचाको नीति लिई हरियाली प्रवद्र्धन गरिनेछ ।
- वातावरण संरक्षण तथा सरसफाई सम्बन्धमा विद्यालयस्तरमा सचेतना मूलक कार्यक्रम अभियानका रुपमा संचालन गरिने छ ।
- टोल बस्तीहरुमा पार्क वा उद्यान निर्माण गर्न का लागि निजी क्षेत्र संग सहकार्य गरिने छ ।
- निजी जग्गाबाट अनयन्त्रीत रुपमा हुने माटो र बालुवा उत्खनन् कार्यलाई ब्यवस्थित गरि कानूनि दायरामा ल्याउन कार्यबिधी बनाई उत्खनन कार्यलाई ब्यबस्थित गरिने छ ।
- बढदो प्रदुषण तथा जलवायु परिवर्तनको असर न्युनिकरणका लागि वातावरण प्रदुषण कर लागु गर्न आवश्यक कार्यविधि तयार गरिनेछ।
- नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा र सार्वजनिक खाली जग्गा , पाखा वा पखेरा क्षेत्रमा वृक्षारोपण , सम्भार, उपयोग र व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरक्षेत्र भित्र पर्यटकीय क्षेत्र तथा पारिस्थितिकीय प्रणालीलाई दिगो तथा प्रभावकारी वनाउन वोटानिकल गार्डेन निर्माण गर्ने प्रयोजनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

२. विपद व्यवस्थापन

- नगर क्षेत्रमा हुने विपद , महामारी साथै संकटलाई व्यवस्थापन गर्न नगरस्तरीय तथा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन भएकोमा यसलाइ निरन्तरता दिइ नगरपालिका कार्यालयमा विपद् व्यवस्थापन शाखा को मातहत स्थानीय आपतकालीन केन्द्र सञ्चालन गर्न पूर्वाधारको तयारी गरीने छ ।
- विपद व्यवस्थापन तथा शान्ति सुरक्षा र सुव्यवस्थालाई प्रभावकारी वनाउन नेपाल प्रहरी तथा सशस्त्र प्रहरी वलसँग सहकार्य गरी हरेक वडाबाट २५ जना स्वयम्सेवकहरुको समुह तयार गरी त्यस्ता स्वयम्सेवकहरुको पहिचान तथा सम्पर्क नम्वर अध्यावधिक गरिनेछ ।
- आपतकालिन अवस्थाको ब्यवस्थापनका लागि अत्यावश्यक राहत तथा उद्दार समग्रीहरुको भण्डारणको ब्यवस्था मिलाईनेछ ।
- प्रकोपजन्य जोखिमलाई न्यूनीकरण गर्न विपद् पूर्व तयारी योजना वा स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा गरीनेछ ।
- प्रत्येक वडा तथा वस्तीमा खुल्ला क्षेत्र पहिचान गरिने छ र पहिचान भैसकेका क्षेत्रको संरक्षण गरिनेछ ।
- विकासका योजना तयार गर्दा बिपद् न्यूनिकरणका पक्षमा विशेष ध्यान दिईने छ ।
- भवन निर्माण संहितालाई कडाइका साथ लागु गरिने छ ।

- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिने छ ।
- बिपद् पूर्वतयारीका लागि समुदायको क्षमता बिकास सम्बन्धी क्रियाकलापका लागि अन्य सरकारी , गैरसरकारी संघ संस्थाको रचनात्मक सहयोग प्राप्तीका लागि पहल गरिने छ ।
- बिपद् पूर्व तयारी तथा प्रतिकार्य योजना , खोज तथा उद्धार , राहत सामग्रीको पूर्व भण्डारण , वितरण र समन्वयको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
- बिपद् व्यवस्थापन तथा उद्धारका लागि गृह मन्त्रालय, नेपाल प्रहरी, शसस्त्र प्रहरी लगायतका निकाय संग समन्वय र सहकार्य गरिने छ ।

३. खानेपानी, फोहोर मैला तथा ढल व्यवस्थापन
- नगरका सबै घरमा स्वच्छ खानेपानीको सुनिश्चितता गरिने छ । यसका लागि एक घरधुरी एक कल वा एक धाराको नीति लिईनेछ ।
- नगरको उत्तरी क्षेत्र देखिएको खानेपानीको समस्या समाधानका लागि चालु आ.ब. मै संघीय सरकार तथा प्रदेश सरकार संग समन्वय गरि खानेपानी योजना संचालन गरिनेछ ।
- स्वच्छ, सफा र हराभरा नगर"को नारा सहित फोहरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइटको खोजी गरी फोहरमैलाको उचित ब्यबस्थापन गरिनेछ ।
- हाल नगरका मुख्य बजारहरुमा फोहोर संकलन गर्ने कार्यको थालनि भएकोमा यसलाई थप क्षेत्रमा बिस्तार गर्दै लगिनेछ ।
- यथाभावि फोहर फाल्ने कार्यलाई निरुत्साहित गरी नगरक्षेत्रको सबै स्थानमा सरसफाई अभियान संचालन गरिने छ फोहर व्यवस्थापनमा असहयोग गर्नेलाई कानूनी कारवाहीको लागि आवश्यक प्रकृया अवलम्वन गरिने छ ।
- बाटो घाटो तथा सार्वजनिक स्थानमा पशु चौपायाहरु बाधेको वा छाडेने कार्यलाई निरुत्साहित र दण्डित गरिने छ साथै विभिन्न संघ संस्थाहरुसँग सरसफाई व्यवस्थापनमा सहकार्य गरिनेछ ।
- बजारलाई सुन्दर र सफा राख्न बजार क्षेत्रभित्रको निकासको कार्यलाई ब्यबस्थीत रुपले संञ्चालन गरिनेछ ।
- उपभोग्य बस्तुहरुको बिक्री बितरण कार्यको लागि नियमित अनुगमन गरिने छ र अखाद्य तथा म्याद नाघेका खाद्यबस्तुको बिक्री बितरण कार्य बन्द गरिनेछ ।
- नगरक्षेत्रमा निर्माण हुने जुनसुकै प्रकारका सार्वजनिक एवं नीजि संरचना भुकम्प प्रतिरोधि हुने गरी मात्र बनाईने /बनाउन अनुमति दिईनेछ ।
- कुहिएर जाने र नजाने फोहर छुट्टयाई फोहोरबाट मोहर बनाउने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइने छ । यसका लागि गाँउ गाँउमा तालिम संचालन गरिने छ ।
- फोहोर मैला ब्यबस्थापनका लागि आमा समूह , स्थानीय युवा क्लब, टोल विकास समिति तथा बस्तीस्तरका समुह वा समितिहरुलाई प्रोत्साहन गरिनेछ ।

(ङ) सुशासन तथा संस्थागत विकास एवं सार्वजनिक सेवा प्रवाहः
१. संस्थागत विकास तथा सेवा प्रवाह
- आम जनतालाई सेवा दिने कार्यालयहरूलाई प्रत्यक्ष रुपमा महसूस हुने गरी दैनिक प्रशासनिक सेवालाई झन्झटमुक्त , छिटोछरितो, सर्वसुलभ, जनमुखी र पारदर्शी बनाईनेछ ।
- हाल नगरपालिकामा रिक्त रहेको प्रशासनिक जनशक्तिहरु पुर्तिका लागि संघीय मन्त्रालय तथा लोकसेवा आयोग संग समन्वय गरिनेछ ।
- सुरुङ्गा नगरपालिकाको प्रतिवद्धता मुस्कान सहितको सेवा , भन्ने मूल नारालाई नगरका ११ वटै वडा कार्यालयहरुमा थप प्रभावकारी बनाउँदै नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राही मैत्री बनाउदै लगिने छ । जसका लागि नगरपालिकाका जनप्रतिनिधिहरु तथा कार्यरत जनशतिक्को क्षमता विकास तालिम, अनुभव आदान प्रदानका लागि अवलोकन भ्रमण गराउने व्यवस्था मिलाईनेछ ।
- नगरपालिकाको सेवा, सुरक्षा तथा कार्यसम्पादनका प्रभावकारिता ल्याउनका लागि आगामी आ.ब. मा नगर प्रहरीको सेवा करार लाइ निरन्तरता दिईनेछ ।
- सेवा प्रवाह तथा विकास निर्माणमा असल शासन पारदर्शिता र जवाफदेहिता , जवाफदेहिता, नागरिक संगको सहकार्य र समन्वयको नीतिलाई अवलम्बन गरिनेछ ।
- कर्मचारीलाई समय सापेक्ष प्रविधि मैत्री बनाउनका लागि क्षमता विकास तालिम प्रदान गर्ने नीति अबलम्बन गरीने छ । प्रचलित कानुन बमोजिम कार्य सम्पादनमा आधारीत कर्मचारी मूल्यांकन पद्दतीलाई अपनाइने छ ।
- करार सेवाद्धारा व्यवस्थापन गरीएका जनशतिक्ले मूलभूत रुपमा अग्रपंक्तिमा बसी कार्य गरिरहेको हुदाँ बिगत वर्ष देखि निरन्तर काम गर्दै आएका जनशक्तिलाई कार्य सम्पादन मूल्यांकनको आधारमा निरन्तरता दिइनेछ ।

• दैनिक प्रशासनलाई छिटो छरितो बनाउन विद्युतीय प्रणली लागु गरिनेछ । नगरपालिकाको आफ्नै वेभसाइट तथा सामाजिक सञ्जाल मार्फत् नगरको सम्पूर्ण सूचना सार्वजनिक गर्ने कार्य प्रारम्भ भइसकेको हुँदा सो कार्यलाई निरन्तरता दिइनेछ ।
• सार्वजनिक खरिदलाई थप व्यवस्थित र पारदर्शी बनाउन सार्वजनिक खरिद ऐन , २०६३ तथा नियमावलीको व्यवस्था बमोजिम विद्युतीय खरीद प्रणालीमा जोड दिईनेछ ।
• कर्मचारीलाई उत्प्रेरित गर्न कर्मचारीको योग्यता क्षमता र विज्ञताका आधारमा जिम्मेवारी उपयुक्त व्यक्तिलाई उपयुक्त स्थान भन्ने सिद्धान्त परिपालन गरिने छ ।
• स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम कर्मचारी कल्याण कोषमा हरेक वर्ष रकम विनियोजन गरी कर्मचारी कल्याणकोष संचालन कार्यविधी निर्माण गरिने छ ।
• न्यायिक समितिको कार्यलाई छिटो छरिटो र पारदर्शी बनाउँदै लगिनेछ ।
• विवादको निरुपण गर्दा सम्भव भए सम्म मेलमिलापलाई प्राथमिकता दिइ दुवै पक्षको सहमतीमा मिलापत्र गर्न प्रोत्साहन गरिनेछ ।
• न्यायिक समितिले मुद्दा तथा विवादको सुनुबाइको क्रममा आवश्यकता अनुसार सम्बन्धित विज्ञ र सरोकारवालाहरुको साहयता लिन सकिने व्यवस्था मिलाईनेछ ।
• प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा वाहेक हप्ताको एक पटक इजलास संचालन हुने व्यवस्था मिलाइनेछ ।

२. सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन
• नगरपालिकाको लागि सार्वजनिक खरीद तथा अन्य बन्दोबस्तीका सामान सम्बन्धी विषयको सम्पादन संघीय , प्रदेश र नगरपालिकाको मौजुदा कानुनको परिधी भित्र रहेर सम्पादन गरिनेछ ।
• नगरपालिकाभित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति , सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसाय, पूर्बाधार, उद्योग, खानी तथा खनीज, वनको विवरण सहितको अद्यावधिक अभिलेखलाई व्यवस्थित गरिनेछ ।
• नगरपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख राखि अझ ब्यवस्थित बनाईनेछ ।
• नगरपालिकास्थित सरकारी सम्पत्तिको संरक्षण, सम्बद्धन र एकीकृत अद्यावधिक विवरण राखिनेछ ।

३. स्थानीय तह, प्रदेश र संघसँगको सम्वन्ध र समन्वय तथा वडासँगको समन्वय
• संघ तथा प्रदेश तहमा संविधान तथा कानुन बमोजिमको सहभागिता तथा प्रतिनिधित्वको व्यवस्था मिलाइनेछ
• ठूला पुर्वाधार तथा बहुबर्षीय योजनाका लागि प्रदेश तथा संघीय सरकार संग समन्वय र सहकार्य गरिने छ ।
• जिल्ला समन्वय समिति , वडा तहसँगको सम्पर्क , समन्वय, पत्राचार, सभा, समारोह, शिष्टाचार लगायताका विषयमा व्यवस्थित कार्यविधि अपनाइनेछ ।

४. बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण
• स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यबस्थापन तथा नियमित अनुगमन गरिनेछ ।
• नगर भित्रका बजार तथा हाट बजारलाई व्यवस्थापन गरिनेछ ।
• उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति , कानून, मापदण्ड निर्माण र सो को व्यवस्थित कार्यान्वयन र नियमन गरिनेछ । कालाबजारीलाई पूर्णरुपमा नियन्त्रण गरिनेछ ।
• स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण नियमित अनुगमन गरीनेछ
• स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण कार्यलाई प्राथमिकतामा राखी कार्य अघि बढाउने नीति अवलम्बन गरिनेछ ।
• स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गरिनेछ ।
• उपभोक्ता सचेतना, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण कार्यलाई अघि बढाइनेछ ।
• खानेपानी, खाद्य पदार्थको गुणस्तर नियन्त्रण , स्थानीय व्यापार प्रवद्र्घन सहजीकरण र स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण , प्रवद्र्घन र अभिलेखाङ्कन गरिनेछ ।

५ विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी, विभुषण

• स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको स्थानीय आवश्यकता अनुरुप उचित व्यवस्थापन गरिनेछ ।
• उपाधी तथा विभुषण सम्वन्धी सिफारिश, अभिलेख व्यवस्थित रुपमा राखिनेछ र वितरण कार्यलाई पारदर्शी बनाइनेछ ।
• स्थानीय आवश्यकता र औचित्यताका आधारमा बिदा उत्सवहरुको निर्धारण गरिने छ ।
• संघ तथा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरि तोकिएको बिदा बाहेक आवश्यकता र औचित्यका आधारमा स्थानीय बिदा घोषण गरिने छ ।
६. कानुन निर्माण

• नगरपालिकाको नीतिगत व्यवस्थाको कार्यान्वयन तथा दैनिक कामकाजका सहजताका लागि स्वास्थ्य, शिक्षा लगायतका क्षेत्रमा आवश्यक विभिन्न ऐन, नियमावली, कार्यविधि तर्जुमा गर्न विधायन समितिलाई तालिम तथा अन्य माध्यमबाट थप प्रभावकारी बनाई नगरले निर्माण गर्ने कानूनलाई विधिपूर्वक पारित गरी लागू गरिनेछ ।

सुरुंगा नगरपालिकाको आगामी आ.व. ०८२।०८३ का लागि लिईएका उपरोक्त अनुसारका नीति कार्यक्रमका उद्देश्यहरु पुर्ति गर्नका लागि उच्च मनोबलका साथ उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गर्नु अपरिहार्य हुन्छ । यस महान उद्देश्यका लागि दृढ संकल्पित भई सहयोग तथा सहकार्यका लागि सम्पूर्ण जनप्रतिनिधी, कर्मचारी तथा नगरवासी दजुभाई दिदी बहिनीहरुमा अनुरोध गर्दछु ।

धन्यवाद ।